गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक -गोरखा
गण्डकी प्रदेश

पत्र संख्याः ०८१/८२
च. नं :०

मितिः २०८१-११-२७
ने.सं.: ११४५ चिल्लाथ्व १२ मंगलबार

**तिनपाङ्ग्रे अटोरिक्सा अनुदानमा उपलब्ध गराउने सम्बन्धी सूचना !**

यस गोरखा जिल्ला गण्डकी गाउँपालिकाभित्र यातायातको पहुँच सुनिश्चित गर्ने एवं सो लाई विस्तार गर्ने उद्देश्यले गाउँपालिका क्षेत्र भित्र तोकिएको रुटमा चल्ने गरि **निजी साझेदारीमा कार्यक्रम संचालन** अन्तर्गत २५% देखि ७५% अनुदानमा तिनपाङ्ग्रे अटोरिक्सा उपलब्ध गराउन लागिएकोले ईच्छुक व्यक्तिले यस पत्रको मितिले ७ दिनभित्र यसै पत्रसाथ संलग्न अनुसूची १ बमोजिमको फारम समेत अनिवार्य भरि गाउँपालिकाको कार्यालयमा आईपुग्ने गरि पेश गर्नुहुन सम्पूर्णमा यो सूचना प्रकाशन गरिन्छ ।

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजपत्रहरु

१. अनुसूची १ बमोजिमको निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
३. सवारी चालक अनुमति पत्रको प्रतिलिपि १ प्रति
४. वडाको सिफारिस पत्र
५. बैदेशिक रोजगारमा काम गरेको भए सोको प्रमाण
६. फरक प्रकृतिको व्यक्ति हो भने सोको प्रमाण

**थप जानकारीको लागि सम्पर्क नं. :- ९७६४३९८६१७, ९७६४३९८६१९**

## अनुसूची-१

## कार्यक्रमको निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

भुम्लिचोक, गोरखा

**विषय: तिनपाङ्ग्रे अटोरिक्सा अनुदानमा उपलब्ध सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८१/११/२७ मा प्रकाशित सूचनाबमोजिम "निजी साझेदारीमा कार्यक्रम संचालन" अन्तर्गत अटो रिक्सा अनुदानमा सहभागी हुन इच्छुक भई तपसिल बमोजिमका कागजात समावेश गरी यो निवेदन पेश गरेको छु । मेरो विवरण तपसिल बमोजिम रहेको छ ।

**संलग्न कागजातहरु**

१. सवारीचालक अनुमतिपत्रको प्रतिलिपी
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. वडाको सिफारिस
४. बैदेशिक रोजगारमा काम गरेको भए सो को प्रमाण
५. फरक प्रकृतिको व्यक्ति हो भने सो को प्रमाण

**निवेदकको**

नामथरः

ठेगानाः

टोलः

मोबाइल नं:

अटो सञ्चालन गर्न चाहेको रुटः

साझेदारी गर्ने रकम (प्रतिशत):